प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.५ बुटवल, नेपाल

## टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग/व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण /पेलेट दाना वनाउने मेशिन खरिदमा सहयोग निर्देशिका, २०७५

**प्रस्तावना:** पशुपन्छी पालन व्यवसायमा यान्त्रिकरण गरी उत्पादन तथा उत्पादकत्व बढाउन तथा पशुजन्य पदार्थको गुणस्तर कायम राख्दै सरल रुपमा भण्डारण बजारीकरण तथा प्रशोधन गरी उपभोक्ता समक्ष पुऱ्याउनु पर्ने देखिएकोले, प्रदेश सरकार, प्रदेश नं. ५ (कार्य विभाजन) नियमावली २०७४ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई प्राप्त कार्य जिम्मेवारीको बुँदा नं. ३, ४ र ६ बमोजिमको कार्य जिम्मेवारी पुरा गर्न र प्रदेश सरकार , प्रदेश नं ५ को आर्थिक वर्ष २०७५/ ०७६ को बजेट बक्तव्यको बुँदा नं. ६९ तथा प्रदेश सरकार प्रदेश नं. ५, आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७५/०७६ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदा नं. १० अनुसार कार्यक्रम सञ्चालन गरी यस प्रदेशलाइ दूध, फुल र मासुमा आत्मनिर्भर बनाउने उद्देश्य पुरा गर्न टि. एम.आर. ब्लक निर्माण मेशिन, साईलेज प्याकेजिङ्ग मेशिन, तरल दुध प्याकेजिङ्ग मेशिन, व्याच पाश्चुराईजर मेशिन ह्याचरी मेशिन, अण्डाको क्रेट निर्माण मेशिन खरिद कार्यक्रमलाई सरल र पारदर्शी रुपमा सञ्चालन गर्ने अभिप्रायले प्रदेश सरकार , प्रदेश नं. ५, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग/ पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिदमा सहयोग निर्देशिका, २०७५" बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "टि.एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर /ह्याचरी /अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिदमा सहयोग निर्देशिका, २०७५" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "कार्यालय" भन्नाले मन्त्रालय तथा निर्देशनालयले तोकेको निकाय सम्झनु पर्नेछ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तरगतको पशुपन्छी तथा मत्स्य विकास हेर्ने निर्देशनालय सम्झनु पर्नेछ।

(ग) "निर्देशिका" भन्नाले "टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिंग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिदमा सहयोग निर्देशिका, २०७५" सम्झनु पर्नेछ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्नेछ ।

(ङ) "समिति" भन्नाले अनुसूची १० अनुसार मन्त्रालयस्तरमा गठित समिति सम्झनु पर्नेछ।

सचिव

३. <u>उद्देश्यहरु:</u> यस निर्देशिकाको उद्देश्यहरु देहायबमोजिम हुनेछन:

(क) पशु आहाराको अभाव हुने समयमा सम्पूर्ण आहारा ढिक्काको उपलब्धता गराउने ।

(ख) कृषि जन्य उप-पदार्थको उपयोग गर्न प्रेरित गर्ने साथै वर्षाको समयमा बढी भएको हरियो घाँसको उपयोगितालाई बढाउने ।

(ग) दुध तथा दुधजन्य पदार्थको प्रशोधन तथा प्याकेजिङ्गमा सहयोग गर्ने ।

(घ) गुणस्तरिय चल्ला उत्पादनलाई प्रवर्द्धन गर्ने ।

(ङ) उत्पादित अण्डाको वजार व्यवस्थापनमा सहयोग गर्ने।

(च) यस मन्त्रालयको टि.एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दुध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिद कार्यक्रम सहज, सरल र पारदर्शी ढंगबाट सञ्चालन गर्न।

४. <u>छनौट प्रकृया:</u> (१) सहकार्यमा टि.एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरलदुध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिद कार्यक्रम संचालनका लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले निजी उद्यमी/सहकारी संस्था/व्यवसायिक फार्महरुसँग दरखास्तका लागि अनुसूची १ बमोजिम सुचना आव्हान गर्नेछ ।

(२) प्रस्तावकहरुले अनुसूची २ अनुसारको निवेदन दिनुका साथै अनुसूची ३ मा उल्लेख भएका कागजातहरु संलग्न गरी अनुसूची ६ अनुसारको कार्ययोजना पेश गर्नुपर्नेछ।

(३) अनुसूची ६ अनुसारको कार्ययोजना सहित पेश भै आएका प्रस्तावहरुलाई मन्त्रालयमा गठन भएको मूल्याङ्कन समितिले अनुसूची ७ र ८ अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी अन्तिम छनौटका लागि मन्त्रालयमा रहेको अनुदान व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(४) यसरी छनौट भएका व्यवसायिक फार्म वा व्यक्तिहरुसँग अनुसुची ९ अनुसार सम्झौता गरिनेछ ।

(५) एउटा निजी उद्यमी/सहकारी संस्था/व्यवसायिक फार्महरुलाई एक बर्षमा सहकार्यमा टि.एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दुध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिद कार्यक्रम मध्ये एक कार्यक्रमको लागि मात्र अनुदान रकम उपलब्ध गराईने छ।

(६) प्रस्तावकले पेश गरेको खरिद विलको ५० प्रतिशत वा कार्यक्रमका लागि विनियोजित रकम मध्ये जुन कम हुन्छ सो लाई आधार मानी मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयबाट भुक्तानी दिईने छ ।

(७) प्रस्ताव पेश गर्दा तपशिलमा उल्लेखित न्यूनतम क्षमता भएका मेशिनहरु हुनु पर्नेछ।

| क्र.सं. | सामाग्रीको नाम | न्यूनतम क्षमता | सम्भावित साझेदारहरु |
|---|---|---|---|
| १ | टि.एम.आर. मेशिन | १५ घन मिटर | सहकारी संघ/संस्था, पशु विकास फार्म, कम्पनी, निजी उद्यमी |
| २ | साईलेज प्याकेजिङ्ग मेशिन | २ टन/घण्टा | व्यावसायिक संघ/संगठन, सहकारी संस्था, पशु विकास फर्म, कम्पनी, निजी उद्यमी |
| ३ | तरल दुध प्याकेजिङ्ग मेशिन | २०० लिटर प्रति घण्टा | दुग्ध उत्पादक सहकारी संघ/संस्था, व्यावसायिक फार्म, डेरी उद्यमी, फर्म, कम्पनी |
| ४ | व्याच पाश्चुराईजर मेशिन | ५०० लिटर | दुग्ध उत्पादक सहकारी संघ/संस्था, व्यावसायिक फार्म, डेरी उद्यमी, फर्म, कम्पनी |
| ५ | ग्रामिण ह्याचरी मेशिन | ५०० चल्ला प्रति लट | कृषक समूह/समिती, सहकारी संघ/संस्था, व्यावसायिक संघ/ संगठन, स्थानिय तह |
| ६ | व्यवसायिक ह्याचरी | ५००० हजार चल्ला प्रति हप्ता | व्यावसायिक फार्म सहकारी संघ/संस्था, कम्पनी, निजी उद्यमी |
| ७ | अण्डाको क्रेट निर्माण मेशिन | प्रतिदिन १००० गोटा क्रेट | सहकारी संघ/संस्था, कम्पनी, निजी उद्यमी |
| ८ | पेलेट दाना वनाउने मेशिन | २ टन पेलेट दाना प्रति दिन | सहकारी संघ/संस्था, कम्पनी, निजी उद्यमी |
| ९ | लेयर्स फार्मको लागि केज निर्माण | २००० लेयर्स पालेका फार्म | कुखुरा पलक व्यावसायिक फर्म |

सचिव

५. <u>कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी</u>: (१) निजी उद्यमी/जिल्ला सहकारी संघ/सहकारी संस्था/व्यावसायिक फार्मको जिम्मेवारीहरु देहायबमोजिम हुनेछ:-

(क) छनौटमा परेका निजी उद्यमी/संघ/संस्था/व्यवसायिक फार्महरुले मन्त्रालयले तोकेको मापदण्ड अनुसार सम्बन्धित मन्त्रालय तथा निर्देशनालयले तोकेको निकायको समन्वयमा सहकार्यमा टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिनमा आफ्नो सम्झौता अनुसारको मेशिन खरिद गरि सञ्चालन गर्ने ।

(ख) निजी उद्यमी/सहकारी संस्था/व्यवसायिक फार्महरुले उत्पादन भएको टि.एम.आर. खरिद गर्ने कम्तिमा १० जना पशु पालन व्यवसायी वा पशु फर्मसँग सम्झौताको प्रतिलिपी प्रस्तावनाका साथ पेश गर्ने।

(ग) निर्देशिकाले तोके अनुसार अन्य सबै कार्य गर्ने।

(२) मन्त्रालयले तोकेका कार्यालयहरुको जिम्मेवारीहरु देहायबमोजिम हुनेछ:-

(क) आफनो कार्य क्षेत्र भित्र घाँसको उपलब्धता र अन्य कृषिजन्य उपपदार्थको उपलब्धता अनुसार निजी उद्यमी/संघ/संस्था/व्यवसायिक फार्म पहिचान गरि सहकार्यमा टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेटदाना वनाउने मेशिन खरिद अनुदानमा सहभागीका लागि प्रस्तावना पेश गर्न समन्वय गर्ने ।

(ख) छनौट भएका निजी उद्यमी/जिल्ला सहकारी संघ/सहकारी संस्था/व्यवसायिक फार्मले सञ्चालन तथा निर्माण गरेका सहकार्यमा टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना बनाउने मेशिनको नियमित निरीक्षण, अनुगमन तथा आवश्यक प्राबिधिक सेवा उपलब्ध गराउने ।

(ग) आफ्नो कार्यक्षेत्र भित्र सम्भाव्य निजी उद्यमी/जिल्ला सहकारी संघ/सहकारी संस्था/व्यवसायिक फार्महरुको सूची तयार गरी अभिलेख राख्ने ।

(३) स्थानीय तहको जिम्मेवारी देहायबमोजिम हुनेछ:-

(क) कार्यक्रम सफलता पूर्वक सम्पन्न गर्न स्थानीय तहको पशु सेवा शाखा लाई आवश्यक निर्देशन दिने ।

(ख) आफ्नो क्षेत्रमा टि. एम.आर. ब्लक निर्माण मेशिन खरिदका लागि कार्यक्रमको निरीक्षण अनुगमन कार्यमा मन्त्रालय तथा मन्त्रालयले तोकको कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

(४) मन्त्रालयको जिम्मेबारी देहायबमोजिम हुनेछः

(क) प्रदेश नं. ५ अन्तर्गत प्रत्येक जिल्लामा स्थापना भएका निजी उद्यमी/जिल्ला सहकारी संघ/सहकारी संस्था/व्यवसायिक फार्महरुको मागलाई संलग्न गरि सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीय तहको पशु सेवा शाखाको सिफारिसको आधारमा आवश्यक वजेटको परिधिमा रही सहकार्यमा टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिद कार्यक्रम प्रस्ताव गर्ने।

(ख) स्वीकृत कार्यक्रम सचालनका लागि प्रस्ताव आह्वान गर्ने मूल्यांकन गर्ने संझौता गर्ने र सम्झौता अनुरुपको रकम निकासा दिने।

(ग) कार्यक्रम सञ्चालन पश्चात नियमित नियमन, अनुगमन र प्रतिवेदन मूल्यांकनको व्यवस्था मिलाउने।

(घ) आवश्यकता अनुसार प्राबिधिक परामर्श तथा अन्य सल्लाह सुझाब दिने ।

(ङ) कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन अभिलेखिकरण गरी राख्ने।

६. <u>आर्थिक प्रशासन सेवाः</u> आर्थिक कारोवार गर्दा "सार्वजनिक खरिद ऐन, २०६३" तथा "सार्वजनिक खरिद नियमावली, २०६४" र प्रदेश न. ५ को, "प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४", "प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि" र "मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५" तथा प्रचलित कानूनबमोजिम हुनेछ।

७. <u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> यस कार्यक्रमको अनुगमन मन्त्रालय, मन्त्रालय मातहतका निकाय र स्थानीय तहले गर्नेछन । अनुगमनको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

८.<u>थपघट वा हेरफेर गर्न सक्नेः</u> (१) यस निर्देशिकाको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची १
प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
रुपन्देही, बुटवल ।

टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/अण्डाको क्रेट निर्माण/पेलेट दाना बनाउने मेशिन खरिद तथा स्थापनाका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः २०७५/ /

यस मन्त्रालयको आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा सञ्चालन गर्नुपर्ने तपशिल बमोजिमका कार्यकर्म गर्न इच्छुक प्रदेश नं. ५ अन्तर्गतका निजी उधमी/सहकारी संस्था/व्यवसायिक फार्महरुलाइ प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिए बमोजिमको ढाँचामा मन्त्रालयले तोकेका कार्यालयहरुमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैलाइ जानकारी गराइन्छ। प्रस्ताव पत्रका साथ पेश गर्नुपर्ने कागजातको विवरण, निवेदनको ढाँचा, प्राविधिक प्रस्ताव तथा संक्षिप्त व्यवसायिक कार्ययोजना यस मन्त्रालयको वेबसाइट molmac.p5.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

| क्र.सं. | सामाग्रीको नाम | संख्या | प्रति प्रस्ताव रकम रु. | कार्यक्रम लागु हुने जिल्लाहरु |
|---|---|---|---|---|
| १ | टि.एम.आर. मेशिन | | | |
| २ | साईलेज प्याकेजिङ्ग मेशिन | | | |
| ३ | तरल दूध प्याकेजिङ्ग(DTH) मेशिन | | | |
| ४ | व्याच पाश्चुराईजर मेशिन | | | |
| ५ | अण्डाको क्रेट निर्माण मेशिन | | | |
| ६ | पेलेट दाना वनाउने मेशिन | | | |

सचिव

अनुसूची २

प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही

मन्त्रालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री सचिव ज्यू
प्रदेश नं ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल रुपन्देही ।

मार्फतः........................ कार्यालयः.............................

विषयः " सहकार्यमा टि. एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना वनाउने मेशिन खरिद कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति २०७ / / गतेको ............पत्रिकामा प्रकाशित सूचना अनुसार जिल्ला गाउँपालिका।नगरपालिका वजार।गाउँ मा अवस्थित ................................ उद्योग।फार्मले सहकार्यमा टि.एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/अण्डाको क्रेट निर्माण/पेलेट दाना बनाउने मेशिन खरिदमा सहयोग उपलव्ध गराउन विस्तृत आयोजना प्रस्ताव पत्र, संक्षिप्त व्यवसायिक कार्य योजना र ................................ कार्यालयको सिफारिस सहित अन्य आवश्यक कागजहरु संलग्न राखी निवेदन पेश गरेका छु/छौं ।

प्रस्तावक संस्थाकोः
नामः
ठेगानाः
संस्थाको आधिकारीक व्यक्तिको नामः
पदः
दस्तखतः

सम्पर्क नम्बर :

सचिव

## अनुसूची ३

### प्रस्ताव-पत्रमा संलग्न गर्नु पर्ने कागजातहरु।

(१) रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूची २ अनुसारको निवेदन ढाँचा ।

(२) अनुसूची ३ अनुसारको प्राविधिक तथा आर्थिक प्रस्ताव तथा रु १० लाख भन्दा बढीको प्रस्तावको लागि अनुसूची ५ अनुसारको संक्षिप्त व्यवसायिक कार्य योजना।

(३) अनुसूची ४ अनुसारको स्थानिय तह वा मन्त्रालयले तोकेको कार्यालयको सिफारिस ।

(४) प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था।फर्म।व्यवसाय दर्ता तथा नविकरण गरेको प्रतिलिपी।

(५) संस्थाको हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण-पत्रको प्रतिलिपी।

(६) प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलको लागि जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी

(७) जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र।

(८) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता दाखिलाको प्रतिलिपी ।

(९) प्रस्तावकले कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।

(१०) विगत २ आर्थिक वर्ष भित्र अन्य सरकारी निकायहरुवाट सोही प्रकारको कार्यक्रममा वस्तुगत तथा नगद अनुदान नलिएको स्वघोषणा पत्र तथा अनुदान लिएको खण्डमा अनुदान प्रदायक निकायको बिवरण तथा अनुदान लिएको स्वघोषणा।

(११) प्रस्तावित आयोजना सञ्चालन पश्चात उत्पादित टि.एम.आर., साईलेज, अण्डा राख्ने क्रेट, उत्पादित दूध र चल्ला खरिद गर्ने वा बजारीकरणमा सहयोग गर्ने व्यवसायी वा पशुपालक कृषकहरुको नाम र खरिद गर्ने वा वजारीकरण गर्ने परिमाणको सम्झौता पत्र पनि प्रस्तावनामा राख्नु पर्ने छ ।

(१२) प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान ।

(१३) खरिद गर्ने मेशिनको क्याटलग र स्पेसिफिकेसन ।

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

अनुसूची ४

मन्त्रालय तथा निर्देशनालयले तोकेको निकायबाट लिने सिफारिस नमूना पत्र।

प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवल रुपन्देहीको मिति ............ को राष्ट्रिय दैनिक ............ मा प्रकाशित सूचना अनुसार जिल्ला ............ गाउँपालिका। नगरपालिका ............ वडा ............ सञ्चालित ............ निजी उद्यमी/जिल्ला सहकारी संघ/व्यवसायिक फार्म/सहकारी संस्थाले सिफारिस पाउँ भनि दिनु भएको निवेदन उपर कारवाही हुदा उक्त संस्थाले विगत ............ देखि १............ २............ ३............ कार्यहरु गरी ............ कृषक परिवार लाभान्वित भएको पाइएकाले नियमानुसार सहकार्यमा सहकार्यमा टि. एम.आर. व्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/अण्डाको क्रेट निर्माण/पेलेट दाना बनाउने मेशिन खरिदमा दिईने अनुदान कार्यक्रममा सहभागी गराई दिनु हुन सिफारिस सहित अनुरोध छ ।

कार्यालय प्रमुखः
नामः
पदः
दस्तखतः
कार्यालयको छापः

सचिव

अनुसूची ५

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल रुपन्देही

प्रस्ताव-पत्रको नमुना

| | | |
|---|---|---|
| सहकार्यमा टि.एम.आर. ब्लक निर्माण/साईलेज प्याकेजिङ्ग/तरल दूध प्याकेजिङ्ग मेशिन/ व्याच पाश्चुराईजर/ह्याचरी/अण्डाको क्रेट निर्माण/पेलेट दाना बनाउने मेशिन खरिद कार्यक्रमको लागि। | | |
| क। प्राविधिक प्रस्ताव | | |
| १ | प्रास्तावित कार्यक्रमको नाम | |
| | कार्यक्रम कार्यान्विन हुने स्थानको ठेगानाः | |
| ३ | प्रस्तावकको नामः | |
| ४ | ठेगानाः | |
| ५ | प्रस्तावकको सम्पर्क टेलिफोन नंः | |
| ६ | प्रस्तावकको दर्ता नम्बरः | |
| ७ | दर्ता भएको कार्यालय र मितिः | |
| ८ | प्रस्तावक निजी उद्यमी/संघ/संस्था/व्यवसायिक फार्महरुको उमेर (दर्ता वा स्थापना पश्चातको अवधिबर्षमा): | |
| ९ | भ्याट/पान दर्ता नम्बरः | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रुः | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रुः | |
| १२ | सम्बन्धित कार्यालयसँग माग रकम रुः | |
| | प्रस्तावित कार्यक्रमको उद्देश्यहरुः | |
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | | |
| १ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| २ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| ३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| ४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व | |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नेपाल

| | | | | (आफ्नै/लिज) | |
|---|---|---|---|---|---|

५ आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्र-उपकरणको किसिम र संख्या उल्लेख गर्ने

| क्र.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या

| | महिला | दलित | जनजाती | अन्य |
|---|---|---|---|---|
| लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | | | | |

प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण

१
२
३

कृयाकलाप कार्यान्वयन योजना

| क्र.स. | कृयाकलाप | महिना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने)

१
२
३

प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने

| क्र सं | सहकार्य गर्ने अन्य निकायहरुको नाम | सहकार्य रकम रु. |
|---|---|---|
| | | |
| | | |
| | | |

प्रस्तावकले बिगत बर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र)

१
२
३

उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी (रु)

प्रस्तावित कार्यक्रम सम्बन्धि प्रस्तावकको अनुभव र तालिम (अवधि समेत खुलाउने)

१
२
३

प्रस्तावकसँग भएको विद्यमान जनशक्तिको विवरण

सचिव

| क.सं | जनशक्ति विवरण | (शैक्षिक योग्यता र तालिम) | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरु |
| १ | |
| २ | |
| ३ | |
| | वातावरणीय असर न्यूनीकरणका लागि अपनाईने उपायहरु |
| १ | |
| २ | |
| ३ | |
| | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी (संख्या) |

ख. आर्थिक प्रस्ताव

प्राविधिक प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क.सं | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु) | कुल लागत रकम (रु) | प्रस्तावकको योगदान सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु) | | | | | | | | |
| भ्याट (रु) | | | | | | | | |
| कुल जम्मा (रु) | | | | | | | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु . कहिँ कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गरांउछु/छौं ।

सचिव

| स्थानीय तह सहकारी संस्था व्यावसायिक संस्था फर्म कम्पनी उद्यमीको जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नाम: | मितिः |
| पदः | |
| हस्ताक्षर | संस्था फर्मको छाप |
| | |
| | |

सचिव

अनुसूची ६

संक्षिप्त व्यवसायिक कार्ययोजनाको नमुना

| | |
|---|---|
| | व्यावसायिक कार्ययोजना |
| १ | पृष्ठभूमी |
| | (प्रस्तावित कार्यक्रम/व्यवसाय सुरु गर्नु पर्नाको कारण र समग्र परिस्थिती बारे उल्लेख गर्ने) |
| | व्यावसायको छोटो चिनारी |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायमा के र कसरी गर्न खोजिएको छ भन्ने कुरा उल्लेख गर्ने) |
| | बिद्यमान भौतिक तथा अन्य पूर्वाधारहरु |
| | (प्रस्तावित कार्यक्रम/व्यवसाय सम्पन्न गर्नका लागि प्रस्तावकसँग विद्यमान भौतिक, वित्तिय र प्राविधिक क्षमता वर्णन गर्ने) |
| २ | दिर्घकालिन सोच , उद्देश्य र महत्व |
| | दिर्घकालिन सोंच |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने) |
| ३ | उद्देश्य |
| | (कार्यक्रम/व्यवसायले हासिल गर्ने तात्कालिक उद्देश्यहरु उल्लेख गर्ने) |
| ४ | महत्व |
| | व्यवसाय संचालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने (स्थानीय तथा राष्ट्रिय तहमा) |
| ५ | कार्यक्रम/व्यवसायको संभाव्यता विश्लेषण |
| | व्यवसायिक योजना |
| | उत्पादन योजना |
| | (के, कति र कसरी उत्पादन गर्ने योजना छ भन्ने कुरा उल्लेख गर्ने) |
| | कच्चा पदार्थको उपलब्धता |
| | (के र कती कच्चा पदार्थको आवस्यकता पर्छ तथा सो कहाँबाट र कसरी प्राप्त गरिन्छ भन्ने कुरा उल्लेख गर्ने ) |
| | उत्पादन हुने बस्तु र परिमाण |
| | (कार्यक्रम/व्यवसाय सञ्चालन पश्चात दैनिक रुपमा उत्पादन हुने बस्तु र सेवाको परिमाण समेत उल्लेख गर्ने) |
| | प्रबिधी प्रयोगको सम्भाव्यता |
| | (उत्पादनका लागि आवश्यक पर्ने प्रविधी, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चित गरिन्छ भन्ने कुरा उल्लेख गर्ने) |
| | बजारिकरण योजना |
| | (उत्पादित बस्तुको सम्भावित बजार, बिक्रि योजना, गुणस्तर व्यवस्थापन र प्रतिष्पर्धामा कायम रहने योजना उल्लेख गर्ने) |
| | व्यवस्थापन योजना |
| | (व्यवस्थापनको उच्च तहमा रहनेहरुको नाम, पद, योग्यता, अनुभव र भूमिका आदी संक्षिप्त रुपमा उल्लेख गर्ने) |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नेपाल

**वातावरणिमा प्रभाब विष्लेशण**

(प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक वा नकारात्मक प्रभावहरुको आँकलन गरी नकारात्मक प्रभाव न्यूनिकरणका लागि के कस्ता उपायहरु अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने)

**लाभग्राही विष्लेषण**

(प्रस्तावित कार्यक्रम/व्यवसायले प्रत्यक्ष वा अप्रत्यक्ष लाभग्राहीहरुको संख्या तथा लैंगिक र सामाजिक वर्गीकरण सहित उनिहरुले कसरी लाभ प्राप्त गर्नेछन् भन्ने कुरा उल्लेख गर्ने ।

**लागत लाभ विश्लेषण**

। के कस्ता पूर्वानुमानहरुको आधारमा लागत लाभ विषेलेषण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न तालिका बमोजिम आम्दानी खर्चको अनुमान लगाउने)

| | विवरण | प्रथम वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | जम्मा |
|---|---|---|---|---|---|
| क | पूजिगत खर्च | | | | |
| | भौतिक निर्माण | | | | |
| | मेशिनरी/उपकरण | | | | |
| | कुल पूजिगत खर्च | | | | |
| ख | चालु खर्च | | | | |
| | उत्पादन समाग्री खरिद | | | | |
| | कर्मचारीलाई तलब भुक्तानी | | | | |
| | श्रमिक ज्याला भुक्तानी | | | | |
| | भाडा, पानी, बिजुली खर्च | | | | |
| | मर्मत सम्भार खर्च | | | | |
| | बिक्री वितरण खर्च | | | | |
| | व्याज भुक्तानी ("च" को व्याज प्रतिशत अनुसार) | | | | |
| | कुल चालु खर्च | | | | |
| ग | जम्मा खर्च (क + ख) | | | | |
| घ | व्याज रहित अनुदान | | | | |
| ङ | आफ्नै आयबाट बेहोरिने रकम | | | | |
| च | व्याज तिर्नुपर्ने रकम ग-(घ+ङ) | | | | |
| छ | आम्दानी | | | | |
| | मूख्य उत्पादन बिक्रि | | | | |
| | सहायक उत्पादन बिक्रि | | | | |
| | कूल आम्दानी | | | | |
| ज | खुद मुनाफा (छ -ग) | | | | |
| झ | ग्रस मार्जिन (छ - ख) | | | | |

सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ञ | साँवा भुक्तानी ("च" को भुक्तानी) | | | | |
| | ट | खुद बचत (ज - झ) | | | | |
| | ठ | डिस्काउन्टेड आम्दानी छ /(१ +व्याज %)*बर्ष | | | | |
| | ड | डिस्काउन्टेड खर्च ग /(१ + व्याज %) *बर्षे | | | | |
| | व्यावसायिक कार्ययोजना पेश गर्नेको | | | | | |
| | संस्थाको नाम: | | | | | |
| | पद: | | | | | |
| | मिति: | | | | | |
| | संस्थाको छाप | | | | | |

सचिव

## अनुसुची ७

## प्रदेश सरकार

## प्रदेश नं. ५

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## बुटवल रुपन्देही

## प्रस्ताव मुल्यांकन फारम

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| १ | प्रस्तावक सम्वन्धी | | |
| १.१ | प्रस्तावक सम्बन्धि संस्थाको उमेर (व्यक्तिको हकमा सम्बन्धित कामको अनुभव) | ५ | |
| १.१.१ | ३ बर्षभन्दा घटी | २ | |
| १.१.२ | ३ देखी ७ बर्ष सम्म | ३ | |
| १.१.३ | ७ वर्ष देखी माथी | ५ | |
| १.२. | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको | १० | |
| १.२.१ | सडक सुविधा भएको | १ | |
| १.२.२ | पक्कि सडक भएको | १ | |
| १.२.३ | बिजुलीको सुविधा भएको | १ | |
| १.२.४ | खानेपानीको सुविधा भएको | १ | |
| १.२.५ | जग्गाको स्वामित्व आफ्नै भएको | २ | |
| १.२.६ | आफ्नै स्वामित्वको भवन, सवारी साधन, यन्त्रउपकरण | ४ | |
| १.३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको दक्षता) | १० | |
| १.३.१ | ७ देखी १५ दिने अवधिको तालिम | ५ | |
| १.३.२ | १६ देखी ३० दिने अवधिको तालिम | ७ | |
| १.३.३ | १ महिना देखी माथीको तालिम | १० | |
| १.४ | वित्तिय क्षमता | ४ | |
| १.४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| १.४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | |
| १.५ | प्रत्यक्ष लाभान्वित संख्या | ८ | |
| १.५.१ | ५ जना सम्म | ३ | |
| १.५.२ | ६ देखी १५ जना सम्म | ५ | |
| १.५.३ | १६ देखी माथी | ८ | |
| १.६ | अप्रत्यक्ष लाभान्वित संख्या | ७ | |
| १.६.१ | ५० जना सम्म | २ | |
| १.६.२ | ५१ देखी १०० जना सम्म | ३ | |
| १.६.३ | १०१ देखी १५० जना सम्म | ५ | |
| १.६.४ | १५१ भन्दा माथी | ७ | |
| १.७ | वातावरणिय उपयुक्तता | ६ | |
| १.७.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन | ३ | |
| १.७.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल | ३ | |
| १.८ | अन्य पक्षहरु | २५ | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

| | | | |
|---|---|---|---|
| १.८.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच | ५ | |
| १.८.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन | ५ | |
| १.८.३ | थप रोजगारी श्रृजना संख्या | ५ | |
| १.८.४ | अनुदानको अवस्था | १० | |
| १.८.४.१ | सोही प्रकृतिका कार्यक्रममा बिगत २वर्ष भन्दा अगाडी अनुदान प्राप्त गरिसकेको | ५ | |
| १.८.४.२ | हालसम्म कुनै प्रकारका अनुदान प्राप्त नगरेको | १० | |
| १.९ | स्विकृत निर्देशिका अनुसारका थप आधारहरु | २५ | |
| १.९.१ | प्रस्तावक संस्थाको किसिम र सूचना मुताविकको कार्यक्रमको प्राथमिकता मेल खाने | ५ | |
| १.९.२ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | ६ | |
| १.९.२.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ३ | |
| १.९.२.२ | आर्थिक प्रस्ताव गुणस्तर | ३ | |
| १.९.३ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ४ | |
| १.९.३.१ | मन्त्रालयको फर्म्याट | २ | |
| १.९.३.२ | कार्ययोजनाको विवरण | २ | |
| १.९.४ | मुनाफा र समविन्दुको आधारमा उपयुक्तता र दिगोपन | ३ | |
| १.९.५ | पेश भएका विवरणहरुको विश्वसनियता | ७ | |
| १.९.५.१ | मन्त्रालयले तोकेको कार्यालय वा स्थानीय तहको सिफारिश | १ | |
| १.९.५.२ | स्थानिय बासिन्दाबाट बिरोध नहुने प्रतिबद्धता | १ | |
| १.९.५.३ | भागोलिक क्षेत्र | २ | |
| १.९.५.४ | समावेशिताको आधार | १ | |
| १.९.५.५ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| १.९.५.६ | आधिकारिक निकायमा दर्ता नविकरण | १ | |
| | जम्मा | १०० | |

नोटः प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार परिमार्जन वा थपघट गरी  मन्त्रालय बाट स्वीकृत गराइ लागु गर्न सक्नेछ ।

सचिव

अनुसूची ८

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम।

(१) सामान्य जानकारी

जिल्ला:

(२) प्रस्तावकको नाम:

(३) कार्यक्रम सन्चालन स्थलको ठेगाना:

(४) प्रस्तावित कार्यक्रमको नाम:

(५) स्थलगत प्रमाणिकरण मिति:

(६) स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण:

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| | | | |
| | | | |

(क) प्रस्तावकको मुल्यांकन

| क्र.स. | विवरण | प्रमाणीकरणमा देखिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन प्रस्तावकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुनसक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वय स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| २ | प्राविधिक क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसँग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| २.३ | प्रस्तावक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | वित्तिय क्षमता | १५ | |

| | | | |
|---|---|---|---|
| ३.१ | प्रस्तावकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैङ्क मौजदात वा हाल सञ्चालित कारोवारको बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट सिघ्र प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणिय उपयुक्तता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुनसक्ने अवस्था छ/छैन | | |
| ४.१ | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यावसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चापदार्थ प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| | स्थलगत प्रमाणिकरण टोलीको राय | १० | |
| | प्रस्तावक सँग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोटः माथी उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक अवस्था भेटिए ५ अङ्क र नकारात्मक अवस्था भेटिए ० अङ्क प्रदान गर्ने । उत्तीर्ण हुनका लागि न्यूनतम ४० अङ्क प्राप्त गर्नु पर्नेछ । स्थलगत प्रमाणीकरणमा प्राप्त अङ्कले प्रस्ताव मुल्यांकनमा प्राप्त अङ्क र वरियताक्रममा भिन्नता पार्ने छैन ।

(ख) प्रस्तावकसँग विधमान भवन, सवारी साधन, ठुला मेशिनरी र उपकरणहरुको विवरण।

| क.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

(ग) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरणहरु भए उल्लेख गर्नेः-

१.

२.

३.

(घ) स्थलगत प्रमाणिकरण टोलीको रायः

सचिव